# श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
## SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७, चोहर्वा, सिराहा, फोन नं. ०३३-४०१०८४, ४०१०४५
Email : info@shrijanshil.com.np, Website : www.shrijanshil.com.np

# विशेष साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/१३ गते**

**श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,**

यस श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. को संचालक समितिको मिति २०८० साल पौष १२ गते बसेको ९८ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**

**सभा हुने मिति** : २०८० साल २८ गते शनिबार (तदअनुसार जनवरी १३, २०२४) ।
**सभा हुने समय** : बिहान १०.३० बजे ।
**सभा हुने स्थान** : संस्थाको केन्द्रीय कार्यालय, गोलबजार नगरपालिका वडा नं. ७, चोहर्वा, सिराहा

**विशेष साधारण सभाको छलफलका विषयहरुः**

**(क) विशेष प्रस्तावहरुः**

१. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने सम्बन्धमा ।

३. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), गाभ्ने/गाभिने (Merger) सम्बन्धमा गठित संयुक्त मर्जर समिति (Joint Merger Committee) र संचालक समितिले गरेका निर्णयहरु एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चको अनुमोदन तथा प्रारम्भिक समझदारीपत्र र अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्बन्धमा ।

४. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न नियुक्त गरिएको मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

५. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पन्न अन्तिम सम्झौतापत्र, सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन पेश गर्न र गाभ्ने/गाभिने (Merger) सम्बन्धमा प्रचलित कानून बमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिन र सो सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन वा समायोजन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा ।

७. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना र संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र लगायतका विषयहरुमा परिवर्तन भए बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

८. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमनकारी निकायहरु बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

९. संस्थापक एवम् सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व पर्ने सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारीः**

१. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्बन्धित समुहकै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडी दर्ता गराई सक्नुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समुहको शेयरधनी हुनुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा हस्ताक्षर गरेमा यस अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (Demat) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ । साथै सभा स्थलमा आउँदा झोला वा अन्य कुनै प्रकारको वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताब आवश्यक भएमा संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहा र सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.shrijanshil.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेरमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्ने हुनेछ । प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैं राखि सभामा स्वयम् शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्ति बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरिएको अवस्थामा उक्त शेयरधनी स्वयम् उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ भने पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

५. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ । हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

६. नाबालक शेयरधनीहरुको तर्फबाट यस संस्थाको शयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन् ।

७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन । उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

९. अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

**द्रष्टब्य :**

यस विशेष साधारणसभा प्रयोजनको लागि मिति २०८०/०९/२२ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१९ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ ।

# **प्रोक्सी फारम (प्रतिनिधि पत्र)**

श्री सञ्चालक समिति
श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
गोलबजार न.पा. ७, चोहर्वा (सिराहा)
विषय : **प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

...................... जिल्ला, ............................ म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. वडा नं. .... बस्ने म/हामी ................................ ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०८० साल पौष २८ गते शनिवारका दिन हुने विशेष साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .................... जिल्ला ..................... न.पा./गा.पा. वडा नं ........ बस्ने त्यस कम्पनीको शेयरवाला श्री ................................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरि पठाएको छु/छौं ।

| | |
|---|---|
| | निवेदक |
| प्रतिनिधि नियुक्त भएको व्यक्तिको | दस्तखत |
| हस्ताक्षरको नमूना : | नाम : |
| शेयरधनी नं. : | ठेगाना : |
| हितग्राही खाता नं. : | शेयरधनी नं. : |
| मिति : | हितग्राही खाता नं. : |
| | शेयर संख्या : |

**द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि फाराम रद्द गरिनेछ ।**